बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

२०८३/८४

पत्र सङ्ख्या :-

चलानी नं. :-

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

सूचना प्रकाशित मितिः२०८३।०५।१७

"स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३" को मस्यौदा उपर राय/सुझाव उपलब्ध गराउने सूचना ।

बागमती प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अन्तर स्थानीय तह सरुवा प्रक्रियालाई निष्पक्ष, पारदर्शी, वस्तुगत, अनुमानयोग्य र थप व्यवस्थित बनाउन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २८ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी "स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३" को मस्यौदा तयार भएको छ। सो मस्यौदालाई थप व्यावहारिक र वस्तुनिष्ठ बनाउनका लागि सबै सरोकारवालाहरुको राय सुझाव आवश्यक रहेको छ।

अतः संलग्न "स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३" यस कार्यालयको वेवसाईटमा अपलोड गरिएको छ। उक्त मस्यौदा अध्ययन गरी सो उपर कुनै राय/सुझाव भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको इमेल admin.ocmcm@bagamti.gov.np मार्फत प्राप्त हुने गरी उपलब्ध गराइदिनुहुन बागमती प्रदेश भित्रका स्थानीय तह र सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८१७, ८१८, ३१७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३

स्वीकृत मितिः २०८३। ।

प्रस्तावनाः बागमती प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अन्तर स्थानीय तह सरुवा एवम् काज सरुवा प्रक्रियालाई निष्पक्ष, पारदर्शी, वस्तुगत, अनुमानयोग्य र थप व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २८ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो मापदण्ड बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "स्थानीय तहका कर्मचारीहरुको सरुवा सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी समेत जनाउँछ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले बागमती प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

परिच्छेद- २

सरुवाको सामान्य सिद्धान्त

३. **सरुवाका सामान्य सिद्धान्तहरूः** यस मादण्ड बमोजिम गरिने सरुवा प्रणाली देहायका सिद्धान्तमा आधारित हुनेछः-

(क) स्थानीय तहको प्रशासनिक स्थायित्व हुने,

(ख) सरुवा प्रणाली निष्पक्ष, पारदर्शी, अनुमानयोग्य, विश्वसनीय, वस्तुनिष्ठ, प्रविधिमैत्री र न्यायोचित भई प्रशासनिक सदाचार र सुशासनको प्रवर्द्धन हुने,

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

(ग) कर्मचारीको योग्यता, दक्षता र अनुभवको आधारमा सरुवा व्यवस्थापन गरी सेवा प्रवाहमा प्रभावकारिता हुने,

(घ) जनशक्ति व्यवस्थापन योजना प्रभावकारी रूपमा कार्यान्वयन हुने।

परिच्छेद- ३

सरुवा सम्बन्धी व्यवस्था

४. अन्तर स्थानीय तह सरुवाः (१) मन्त्रालयले प्रदेशको स्थानीय सेवाको कुनै पनि सेवा समूहमा कार्यरत कर्मचारीलाई प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहको सम्बन्धित सेवा, समूह र तहको समान पदमा मात्र सरुवा गर्न सक्नेछ।

(२)अन्तर स्थानीय तह सरुवा हुन चाहने कर्मचारीले देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) सरुवा तालिका वा सरुवा हुनुपूर्व अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा सरुवाका लागि निवेदन दिनु पर्नेछ,

(ख) स्थानीय तहले कर्मचारीलाई सरुवा सहमति प्रदान गर्दा आफ्नो कार्यालयको संस्थागत स्मृति क्षमता, सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने एवम् ऐनको दफा २८ को उपदफा (२) को अधिनमा रही सहमति दिनु पर्नेछ,

(ग) सरुवा प्रक्रिया अगाडि बढाउनु पूर्व सम्बन्धित कर्मचारीले प्रदेश निजामती किताबखानाको व्यक्तिगत सूचना प्रणाली (PRS मा आफ्नो हाल कार्यरत कार्यालय, पद, श्रेणी वा तह तथा समायोजन सम्बन्धी विवरण अनिवार्य रूपमा अद्यावधिक गराएको हुनुपर्नेछ र सो समेत पेस गर्नु पर्नेछ,

(घ) बहालवाला पति वा पत्नी दुवै स्थायी सरकारी सेवाको पदमा कार्यरत रहेको अवस्थामा पारिवारिक सामीप्यतालाई ध्यानमा राखी सम्भव भएसम्म एकै जिल्लाका अनुकूल स्थानीय तहमा सरुवा वा व्यवस्थापन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम सरुवा गर्दा सरुवा हुने र सरुवा भई जाने सम्बन्धित स्थानीय तहहरूको दोहोरो सहमतिको आधारमा मात्र गरिनेछ।

(४) सरुवा हुन चाहने कर्मचारीले अनुसूची-२ र ३ बमोजिमको प्रमाणित विवरण सहितको सहमति पत्र संलग्न गरी मन्त्रालयमा आफैं उपस्थित भई वा हुलाक वा इमेल मार्फत पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको पत्रको आधारमा मन्त्रालयले ऐन तथा यस मापदण्डको परिधिभित्र रही सरुवा गर्नेछ।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

(६) स्थानीय तहमा खटिएको कर्मचारीलाई ऐनले तोकेको न्यूनतम सेवा अवधि पूरा नभएसम्म सामान्यतया सरुवा गरिने छैन।

तर,

(क) कुनै स्थानीय तहमा कार्यरत कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने भनी नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा सरुवा भई जाने र आउने स्थानीय तहको सहमतिको आधारमा सेवा अवधि नपुगेको अवस्थामा समेत सरुवा गर्न सकिने छ।

(ख) कुनै स्थानीय तहमा संगठन संरचना हेरफेर भई कुनै कर्मचारी फाजिलमा परी निजको अन्यत्र व्यवस्थापन एवम् पदस्थापना गर्नुपर्ने भएमा सेवा अवधि नपुगेको अवस्थामा समेत सरुवा भई जाने र आउने स्थानीय तहको सहमतिको आधारमा सरुवा गर्न सकिने छ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी निरन्तर पाँच वर्ष वा सो भन्दा बढी एउटै स्थानीय तहमा सेवा गरेकोमा उक्त स्थानीय तहबाट सरुवा भै अन्यत्र जान सहमति नदिएमा पनि सरुवा भै आउने वा पदस्थापन गर्नुपर्ने स्थानीय तहको एकल सहमतिमा समेत त्यस्तो कर्मचारीलाई मन्त्रालयले सरुवा गर्न सक्नेछ।

(८) स्थानीय तहको कर्मचारीको सरुवा पत्र र सरुवा विवरणको ढाँचा ऐनको अनुसूची-९ र अनुसूची-१० मा उल्लेख भए बमोजिम हुनेछ।

५. <u>काज सरुवा सम्बन्धी व्यवस्था:</u> (१) यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षणकाल पूरा भएका तर सरुवाको लागि न्यूनतम समयावधि नपुगेका कर्मचारीलाई काज सरुवा भई जाने र आउने स्थानीय तहको सहमतिका आधारमा काज खटिएकै स्थानीय तहबाट तलब भुक्तानी हुने गरी मन्त्रालयले बढिमा एक वर्षसम्मको लागि काजमा खटाउन सक्नेछ।

(२) कुनै कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने भनी नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डको सिफारिस र काज सरुवा भई आउने र जाने स्थानीय तहको सहमति प्राप्त भएमा पदाधिकार रहेको निकायबाटै तलब भत्ता खाने गरी बढिमा तीन महिना समयावधिको लागि मन्त्रालयले काज सरुवा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम काज खटिएका कर्मचारीलाई काज अवधि भुक्तान भए पश्चात पदाधिकार रहेको सम्बन्धित स्थानीय तहमा काज खटिएकै निकायले काज फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम काज फिर्ता भएको जानकारी मन्त्रालयमा समेत गराउनु पर्नेछ।

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

६. **सरुवाको समय तालिकाः** (१) मन्त्रालयले अन्तरस्थानीय तह सरुवा सामान्यतया महिनाको एक पटक गर्न सक्ने छ।

(२) सरुवाको लागि दिएको सहमति उपदफा (१) बमोजिमको सरुवा तालिका भन्दा तीन महिना अघिसम्मको मात्र मान्य हुनेछ।

७. **समय तालिका बाहेकको समयमा सरुवा गर्न सक्नेः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आधार, कारण सहित सिफारिस भई आएमा मन्त्रालयले जुनसुकै समयमा रिक्त पदमा सरुवा गर्न सक्नेछः-

(क) मुद्दा परी निलम्बनमा रहेको कर्मचारी अदालतबाट सफाई प्राप्त गरी पुनर्वहाली वा निलम्बन फुकुवा भई आएमा सरुवा सहमति सहित अन्यत्र सरुवा माग गरी निवेदन पेस गरेमा,

(ख) संगठन संरचना हेरफेर भई कुनै कर्मचारी फाजिलमा परी निजको व्यवस्थापन/पदस्थापना अन्यत्र गर्नु परेमा,

(ग) कुनै कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने भनी नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस संलग्न गरी सरुवा भई जाने र आउने स्थानीय तहको सहमति प्राप्त भएमा,

(घ) सरुवाका लागि न्युनत्तम सेवा अवधि पुगेको हकमा कुनै कर्मचारी कार्यरत रहँदा सम्बन्धित स्थानीय तहको सेवा प्रवाह, विकास निर्माण वा कार्यसम्पादनमा गम्भीर असर परेको भनी वस्तुगत कारण र पुष्ट्याईं खुलाई सम्बन्धित स्थानीय कार्यपालिकाको कम्तिमा बहुमतबाट निर्णय र सो निर्णय प्रमुख प्रशासकीय अधिकृत बाट प्रमाणित गरी सरुवाको लागि लेखी आएमा।

८. **सरुवाको प्राथमिकताः** देहायका अवस्थाका कर्मचारीहरूलाई अन्तरस्थानीय तह सरुवामा प्राथमिकता दिन सकिनेछः-

(क) अपाङ्गता भएका, दीर्घ बिरामी (नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डको सिफारिस सहित) भएका,

(ख) अशक्त, गर्भवती वा दुई वर्ष भन्दा सानो बालबालिका भएको महिला कर्मचारी,

(ग) पति र पत्नी स्थायी सरकारी सेवाको पदमा कार्यरत रही छुट्टाछुट्टै जिल्ला वा स्थानीय तहमा खटिएका कारण पारिवारिक कठिनाइ भएको,

(घ) कुनै स्थानीय निकायमा लगातार पाँच वर्ष भन्दा बढी कार्यरत रहेको कर्मचारी भएमा।

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

९. <u>सरुवा सहमति दिन नहुने:</u> (१) देहायका अवस्थाहरूमा स्थानीय तहले सरुवा भई आउन सहमति प्रदान गर्न हुँदैन:-

(क) कुनै रिक्त पदमा पदपूर्तिको लागि आयोगमा माग आकृति भरी पठाइसकेको भएमा,

(ख) सरुवा गर्नुपर्ने स्थानीय तहमा सरुवा माग गरेको कर्मचारीको सेवा, समूह र तह मिल्ने स्वीकृत दरबन्दी रिक्त नभएको अवस्थामा,

(ग) सामान्यतया अनिवार्य अवकाश हुन दुई वर्ष भन्दा कम अवधि बाँकी रहेको कर्मचारीलाई निजको सहमति नभएमा,

(घ) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरे पछि ऐनको दफा ४९ बमोजिम सम्बन्धित स्थानीय तहमा सेवा नगरेका कर्मचारी।

(२) उपदफा (१) बमोजिमको अवस्थाको कर्मचारीलाई स्थानीय तहले सरुवा भई आउन सहमति दिइ मन्त्रालयबाट सरुवा भएमा सरुवा भई आउन सहमति प्रदान गर्ने स्थानीय तहले नै त्यस्तो कर्मचारीको व्यवस्थापनको जिम्मेवारी लिनु पर्नेछ।

१०. <u>रमाना, हाजिर र विभागीय कारबाही:</u> (१) यस मापदण्ड बमोजिम सरुवा भएको कर्मचारीले बाटोको म्याद बाहेक ऐनमा तोकिएको म्यादभित्र बरबुझारथ गरी सरुवा गरिएको कार्यालयमा हाजिर हुन जानु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हाजिर हुन जानु पर्ने कर्मचारीलाई रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

(३) उपदफा (१) र (२) विपरीत समयमा हाजिर हुन नजाने वा रमाना नदिने कर्मचारीलाई ऐन बमोजिम विभागीय कारबाही हुनेछ।

(४) सरुवा भई रमाना लिई आउने कर्मचारीलाई नियमानुसार हाजिर गराउनु सम्बन्धित अख्तियारवालाको कर्तव्य हुनेछ।

(५) सरुवा भई रमाना लिई सरुवा भएको वा खटाइएको कर्मचारी स्थानीय तहमा हाजिर हुन नगएमा ऐन बमोजिम विभागीय कारबाही हुनेछ।

परिच्छेद- ४

<u>विविध</u>

११. <u>विद्युतीय प्रणालीको प्रयोग गरिने:</u> यस मापदण्ड बमोजिम हुने सरुवाको आवेदन, सरुवा जानकारी एवम् पत्राचारको लागि मन्त्रालय, सम्बन्धित स्थानीय तह र कर्मचारीले विद्युतीय प्रणालीको प्रयोग गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

१२. **<u>सरुवाको अभिलेखः</u>** (१) मन्त्रालय, प्रदेश किताबखाना र सम्बन्धित स्थानीय तहबाट सरुवा भएका कर्मचारीको जानकारी भौतिक र डिजिटल रूपमा अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ।

(२) सरुवा भएको जानकारी सम्बन्धित कर्मचारीको इमेल, फोन वा अन्य विद्युतीय प्रणाली मार्फत जानकारी दिनु पर्नेछ।

१३. **<u>सम्बन्धित स्थानीय तहको दायित्व हुनेः</u>** यस मापदण्डको प्रक्रिया पूरा गरी भएका सरुवा वा काज सरुवाबाट सिर्जित हुने कानून बमोजिमको दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

१४. **<u>बचाउः</u>** यस मापदण्ड जारी हुनु अघि यस मन्त्रालयबाट स्थानीय तहका कर्मचारीको सम्बन्धमा भए गरेका सरुवा एवम् काज सरुवा यसै मापदण्ड बमोजिम भए गरेका मानिनेछ।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ४ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>सरुवा माग गर्ने निवेदनको ढाँचा</u>

मितिः- ....

विषयः- सरुवा हुन पाउँ।

श्री .... ज्यू,

महोदय,

देहायमा उल्लिखित निकायमा सरुवा भई सेवा गर्ने अवसर उपलब्ध गराइदिनुहुन मेरो सेवासँग सम्बन्धित विवरण सहित आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेस गरेको छु।

व्यक्तिगत विवरण

नामः- .... संकेत नम्बरः- ....

ठेगानाः- .... जन्ममितिः- ....

नागरिकता नम्बरः- .... राष्ट्रिय परिचयपत्र नम्वरः- ....

सेवासँग सम्बन्धित विवरणः

हाल कार्यरत कार्यालयः- .... सम्बन्धित मन्त्रालयः- ....

सेवा/समूह/उपसमूहः- .... पदः- ....

तहः- .... हालको कार्यालयमा हाजिर भएको मितिः- ....

हालको सेवा/समूह/उपसमूहको पदमा यसभन्दा अगाडि गरेको सेवाको विवरण (क्रमागत पछिल्लो आधारमा):

क्र.सं.	स्थानीय तहको नाम	स्थानीय तहको ठेगाना	सेवा गरेको अवधि (देखि - सम्म)

सरुवा हुन चाहेको स्थानीय तहः

१. नामः .... ठेगानाः ....

पति वा पत्नी दुवै सरकारी सेवामा कार्यरत भएमा सो को विवरणः

१. पति वा पत्नीको नामः ....

२. सेवा (संघीय/प्रदेश/स्थानीय): ....

३. कार्यालयको नामः ....

४. जिल्लाः ....

५. हालको कार्यालयमा हाजिर भएको मितिः ....

६. संकेत नम्बरः ....

७. सेवा/समूह/उपसमूहः ....

८. पदः ....

९. श्रेणी/तहः ....

१०. अन्य कुनै व्यहोराः ....

<u>संलग्न कागजातहरूः</u>

१. माथि विवरणमा उल्लेख भए बमोजिमका कार्यालयमा कामकाज गरेको पुष्ट्याईं हुने कागजात,

२. सरुवा हुन चाहेको कारण र प्रमाण।

३. निवेदकले बुझाउनु पर्ने कागजातको सूचीमा नेपाल निजामती/प्रदेश किताबखानाको अद्यावधिक PPIS विवरण/प्रमाण

यस निवेदनमा लेखिएको व्यहोरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम हुने सबै सजायको लागि तयार छु।

<u>निवेदक कर्मचारी</u>

दस्तखतः- ....

नामः- ....

संकेत नम्बरः- ....

पदः/तहः- ....

कार्यालयः- ....

अनुसूची- २

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

....................गाउँ/नगर/उप/महानगरपालिका

गाउँ/नगर/उप/महानगर कार्यपालिकाको कार्यालय.......................

........../जिल्ला/ बागमती प्रदेश।

सरुवा सहमति पत्रको ढाँचा

मितिः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

बागमती प्रदेश।

विषयः सरुवा भई जाने सहमति।

उपरोक्त सम्बन्धमा यस कार्यालयको सेवा .... समूह .... तह .... पद .... मा कार्यरत श्री .... (कर्मचारी संकेत नं. ....) लाई यस कार्यालयबाट सरुवा भई जान सहमति दिईएको छ। साथै सरुवा भई जान सहमति प्रदान गरिएको कर्मचारीको विवरण देहाय बमोजिम छ।

देहायः

क्र. सं.	नाम, थर	ठेगना	कर्मचारी संकेत नं.	सेवा, समूह, उपसमूह	पद/तह	हालको श्रेणी/तहमा नियुक्ति मिति	हालको कार्यालय	यस पालिकामा हाजिर भएको मिति	सरुवा प्रस्तावित स्थानीय तहको नाम	समय तालिका बाहेकको समयमा सरुवा गर्नुपर्ने कारण	सरुवा सहमतिको निर्णयको मिति र तह	विभागीय कारबाहीको विवरण

....

प्रमुख प्रशासकीय अधिकृत प्रमुख/अध्यक्ष



अनुसूची- ३

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

......................गाउँ/नगर/उप/महानगरपालिका

गाउँ/नगर/उप/महानगर कार्यपालिकाको कार्यालय................

........../जिल्ला/ बागमती प्रदेश।

सरुवा सहमति पत्रको ढाँचा

मितिः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश।

विषयः सरुवा भई आउने सहमति।

उपरोक्त सम्बन्धमा .... (कार्यरत स्थानीय तहको नाम, ठेगना) को .... सेवा .... समूह .... तह .... पदका श्री .... (कर्मचारी संकेत नं. ....) लाई यस................ कार्यालयमा रिक्त रहेको उक्त सेवा सेवा समूह र समान तहको पदमा सरुवा भई आउन सहमति दिईएको छ। साथै सरुवा भई आउन सहमति प्रदान गरिएको कर्मचारीको विवरण देहायबमोजिम छ।

देहायः

क्र. सं.	नाम, थर	ठेगना	कर्मचारी संकेत नं.	सेवा, समूह, उपसमूह	पद/तह	हालको श्रेणी/तहमा नियुक्ति मिति	हाल कार्यरत स्थानीय तह	सरुवा प्रस्तावित पद, तह	पदको अवस्था (रिक्त/कसरी रिक्त)	समय तालिका बाहेकको समयमा सरुवा गर्नुपर्ने कारण	सरुवा सहमतिको निर्णयको मिति र तह	विभागीय कारबाहीको विवरण

....
प्रमुख प्रशासकीय अधिकृत

....
प्रमुख/अध्यक्ष